# २०८०।१२।२३ गतेको ३० औं कार्यपालिका बैठकको निर्णयहरु

प्रस्ताव नं.१. प्रदेश विषेश अनुदान कार्यक्रम अन्तर्गतका योजना छनौट सम्बन्धमा।

निर्णय नं.१ .प्रस्ताव नं. १ माथी छलफल गर्दा सुदूरपश्चिम प्रदेश विषेश अनुदान कार्यक्रम अन्तर्गत आ.व.२०८१/०८२ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेका तपशिल बमोजीमका आयोजना र कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारण गरी प्रदेश नीति तथा योजना आयोग धनगढी, कैलालीमा पेश गर्ने निर्णय गरियो।

| क्र.स. | आयोजनाको नाम | आयोजना स्थल | अनुमानित लागत रकम | नगरपालिकाको म्याचिङ्ग रकम रु. | सु.प.प्रदेश सरकारको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | टीकापुर बृहत उधान बंगला पार्कको घेरा पर्खाल निर्माण तथा खानेपानी लाइन विस्तार | टीकापुर-५ | ७०,००,०००।- | - | ७०,००,०००।- | |

प्रस्ताव नं.२. प्रदेश समपुरक अनुदान अन्तर्गतका योजना छनौट सम्बन्धमा।

निर्णय नं.२ .प्रस्ताव नं. २ माथी छलफल गर्दा सुदूरपश्चिम प्रदेश समपुरक अनुदान कार्यक्रम अन्तर्गत आ.व.२०८१/०८२ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेका तपशिल बमोजीमका आयोजना र कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारण गरी प्रदेश नीति तथा योजना आयोग धनगढी, कैलालीमा पेश गर्ने निर्णय गरियो।

| क्र.स. | आयोजनाको नाम | आयोजना स्थल | अनुमानित लागत रकम | नगरपालिकाको म्याचिङ्ग रकम रु. | सु.प.प्रदेश सरकारको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | टीकापुर न.पा.वडा नं.१ स्थित मेन्था कम्पनि जिरो प्वाईन्ट देखि वनगाउ उत्तरपुरुवा-विचकापुरुवा-वडा नं.३-रामपुर चौराहा-वडा नं.४ -वडा नं.६ हुदै जाने वाहिरी चक्रपथ निर्माण आयोजना (बहुवर्षे-३ वर्ष अवधि) | टीकापुर-१,३,४ र ६ | १,५०,००,००।- | १,५०,००,०००।- | ३,००,००,०००।- | |

प्रस्ताव नं.३. अनुगमन तथा सुपरिवेक्षण कार्यविधि,२०७५ संशोधन सम्बन्धमा।

निर्णय नं.३ .प्रस्ताव नं. ३ माथी छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ अनुसार यस नगरपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने कार्यलाई व्यवस्थित गर्न बनेको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि,२०८० को तपसिल बमोजिम पहिलो संशोधन गर्ने निर्णय गरियो।

तपशिल :

| दफा, उपदफा र खण्ड | कार्यविधिमा भएको प्रावधान | संशोधन गर्न प्रस्ताव गरिएको प्रावधान | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| अनुगमन तथा सुपरिवेक्षण कार्यविधि,२०७५ दफा ५ खण्ड (ग) थप गरिएको। | मौजुदा कार्यविधिमा बैठक व्यवस्थपन सम्बन्धी व्यवस्था नभएको। | (ग) समितिको बैठक सम्बन्धी व्यवस्था :<br>(१)समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ। समिति सदस्य मध्ये कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिती भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ।<br>(२)बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितीमा समितिमा प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य मध्येवाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ। | समितिको बैठक सम्बन्धी व्यवस्था गर्न वान्छनीय भएकोले। |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

२०८१।१।८

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | (३)समितिको बैठकको निर्णय सर्वसम्मतिवाट हुनेछ । सर्वसम्मति हुन हुन नसकेमा समितिका कुल सदस्य संख्याको बहुमतवाट गरेको निर्णय मान्य हुनेछ ।<br>(४)समितिले अवश्यकता अनुसारविषय विज्ञहरुलाइ अमन्त्रण गर्न सक्ने छ ।<br>(५)बैठकको निर्णय समितिको संयोजकले प्रमाणित गर्ने छ । | |

प्रस्ताब नं.४. सुरक्षित घर निर्माणको लागी जग्गा प्राप्त गर्ने सम्बन्धमा ।

निर्णय नं.४ प्रस्ताव नं. ४ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.७ बस्ने श्री बिष्णु राम जैशीले उक्त क्षेत्रमा वर्षेनी आउने बाढी तथा डुवानवाट सुरषित रहन सुरक्षित आवास निर्माणका लागी निज श्री बिष्णु राम जैशीको नाममा दर्ता श्रेष्ता कायम भएको साविक नारायणपुर गा.वि.स.वडा नं.९/घ कि.नं.२६७ क्षेत्रफल ०-१६-५ ज.बि.भएको जग्गा मध्येवाट कच्ची सडकसंग जोडिएको ७० फिट वाटो तर्फ मोहडा पर्ने गरी र ८० फिट पछाडी पट्टी लम्बाइ हुने गरी जम्मा क्षेत्रफल ०-१-१० ज.बि.जग्गा टीकापुर नगरपालिका वडा नं.७ को नाममा निशुल्क उपलब्ध गराउन मन्जुर हुनु भएकोले सो जग्गा टीकापुर नगरपालिका वडा नं.७ को नाममा दाःखा श्रेष्ता कायमका लागी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

३० औं कार्यपालिका बैठक २०७८/१२/२३

Scanned with CamScanner